धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily
राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ६८ ◆ २०८३ असोज ८ बिहीबार ◆ Thursday, September 24, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## बाढी पीडितको पुनःस्थापना, सडक सुरक्षा र जलवायु न्यायमा जोड

प्रत्युष समाचारदाता

काठमाडौं । प्रतिनिधिसभा सदस्यहरूले भोटेकोशी बाढी पीडितको पुनःस्थापना, सडक सुरक्षा र जलवायु न्यायमा जोड दिनुभएको छ ।

बैठकको शून्य समयमा उहाँहरूले दैनिक उपभोग्य वस्तुको मूल्य वृद्धि नियन्त्रण, विपद् प्रभावितको पुनःस्थापना, सडक सुरक्षा, भोटेकोशी बाढी प्रभावित बालबालिकाको शिक्षा, जलवायु अनुकूलन तथा जलवायु न्याय लगायत विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको हो ।

नेपाली कम्युनिष्ट पार्टीकी बलावती शर्माले दैनिक उपभोग्य वस्तुको सहज आपूर्ति सुनिश्चित गर्दै महँगी नियन्त्रणका लागि आवश्यक पहल गर्न सरकारसँग आग्रह गर्नुभयो ।

यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का बुद्धरत्न महर्जनले जनताका आधारभूत आवश्यकता पूरा गर्न सरकार गम्भीर हुनुपर्ने बताउँदै सबै विपद् प्रभावितका लागि स्थायी संरचना निर्माण गर्न माग गर्नुभयो ।

सोही पार्टीका बुद्धिप्रसाद पन्तले साना तथा अन्य सञ्चार माध्यमलाई लोक कल्याणकारी विज्ञापन उपलब्ध गराउन तथा पत्रकारका जायज माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

रास्वपाकी बीना गुरुङले भोटेकोशी बाढीबाट प्रभावित बालबालिकाको शिक्षामा असर परेको बताउँदै उनीहरूको पठनपाठन निरन्तरता र शैक्षिक भविष्यका लागि राज्यले ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

रास्वपाकै भरत गिरीले चाडपर्वका बेला सडक सुरक्षालाई प्राथमिकता दिन तथा जोखिमयुक्त सडकको तत्काल सुधार गर्न सरकारसँग आग्रह गर्नुभयो । सोही पार्टीका भरतप्रसाद पराजुलीले भोटेकोशी बाढी प्रभावित क्षेत्रमा सरकारले गरेको राहत तथा उद्धार कार्यको प्रशंसा गर्दै प्रभावितको पुनःस्थापना र पुनर्निर्माणमा पनि ध्यान दिनुपर्ने बताउनुभयो ।

नेपाली कम्युनिष्ट पार्टीकी भीमकुमारी बुढामगरले विपद् तथा विकास निर्माणका काममा युवा शक्तिलाई जनश्रममार्फत परिचालन गर्नुपर्नेमा जोड दिनुभयो । रास्वपाकी भूमिका श्रेष्ठले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक नागरिकलाई सहज रूपमा नागरिकता प्राप्त गर्ने व्यवस्था गर्न सरकारसँग माग गर्नुभयो । सोही दलकी मञ्जु भुसालले पूर्वी पाल्पामा कच्ची सडकका कारण स्थानीयले सास्ती व्यहोर्नुपरेको गुनासो गर्दै सडक सुधारका लागि सरकारको ध्यान आकर्षण गराउनुभयो । रास्वपाकै मनिष खनालले थारु समुदायका सम्पदा जगेर्नामा ध्यान दिन आग्रह गर्नुभयो भने मनिष झाले जानकी मन्दिरको पुनर्निर्माण र सम्पदा प्रवर्द्धनमा सरकारले गरिरहेको कामको प्रशंसा गर्नुभयो । रास्वपाका माधवबहादुर थापाले पाल्पा शैक्षिक केन्द्रका रुपमा रहेको सन्दर्भमा त्यहाँ अन्तरराष्ट्रियस्तरको विश्वविद्यालय बनाउनुपर्ने माग गर्नुभयो ।

सोही दलका मोहनलाल आचार्यले संविधानले रोजगारीको हक सुनिश्चितता गरे पनि व्यवहारतः रोजगारी उपलब्ध नभएकामा चिन्ता व्यक्त गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)की यशोदा कुमारीले तराई मधेसमा मिटर ब्याजको समस्या अझै समाधान हुन नसकेको गुनासो गर्नुभयो ।

रास्वपाका यज्ञमणि न्यौपानेले लगायतले सर्वोच्च अदालतका विभिन्न फैसलाहरूको कार्यान्वयन प्रभावकारी नभएकामा चिन्ता व्यक्त गर्नुभयो ।सोही पार्टीकी वसुमाया तामाङले भोटेकोशी बाढीमा ज्यान गुमाएकाको मृत्यु दर्ताको व्यवस्था हुनुपर्ने बताउनुभयो ।

## डब्लुडब्लुएफ नेपालद्वारा डेढ करोड सहयोग

प्रत्युष समाचारदाता

काठमाडौं । विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालले रसुवाको भोटेकोशी बाढीबाट प्रभावितहरुको उद्धार, राहत र पुनःस्थापनाका लागि रु एक करोड ५० लाख सहयोग हस्तान्तरण गरेको छ ।

डब्लुडब्लुएफ नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले कृषि, वन तथा पर्यावरण मन्त्री गीता चौधरीलाई उक्त सहयोग रकम हस्तान्तरण गर्नु भएको हो । सो अवसरमा उहाँले डब्लुडब्लुएफ नेपाल आफ्नो अभियानमा प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो । राष्ट्रिय प्रतिनिधि डा गुरुङले बाढीबाट प्रभावितहरु अझै पनि सम्पर्कविहीन रहेका र सडक तथा सञ्चार सम्पर्कमा अत्यधिक क्षति पुगेको अवस्थामा कोषले ती समुदायमा पहुँच पुनःस्थापित गर्न र उनीहरूलाई पुनःजोड्न सरकारका तत्कालीन प्रयासलाई सहयोग गर्ने बताउनुभयो ।

## कान्ति राजमार्ग र भैँसे-भीमफेदी-कुलेखानी सडकमा राति सवारी सञ्चालन रोक

हेटौँडा । भारी वर्षाका कारण बाढी तथा पहिरोको जोखिम बढ्न सक्ने भन्दै जिल्ला प्रशासन कार्यालय मकवानपुरले कान्ति राजमार्ग र भैँसे-भीमफेदी-देउराली-कुलेखानी सडकखण्डमा रातिको समयमा सवारी सञ्चालनमा रोक लगाएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रशासकीय अधिकृत सन्तोष सुवेदीले जल तथा मौसम विज्ञान विभागको विशेष मौसमी बुलेटिनअनुसार असोज ९ गतेदेखि ११ गतेसम्म हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेकाले ती सडकमा सवारी सञ्चालनको समय निर्धारण गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार असोज ९ गतेदेखि अर्को सूचना जारी नभएसम्म कान्ति राजमार्गमा बिहान ५ बजेदेखि बेलुका ५ बजेसम्म मात्र चौघडाबाट काठमाडौं तर्फ सवारी प्रस्थान गर्न दिइनेछ । त्यस्तै, भैँसे-भीमफेदी-देउराली-कुलेखानी सडकखण्डमा बिहान ५ बजेदेखि बेलुका ५ बजेसम्म हेटौँडाको चौकीटोलबाट काठमाडौं तर्फ तथा फाखेलको हुमाने र सिस्नेरीको रामचन्द्रभञ्ज्याङबाट हेटौँडातर्फ सवारी प्रस्थान गर्न दिइने उहाँले बताउनुभयो ।

सुवेदीका अनुसार कान्ति राजमार्ग र भैँसे-भीमफेदी-देउराली-कुलेखानी सडकखण्डमा बेलुका ७ बजेपछि रातिको समयमा सवारी आवागमन पूर्ण रूपमा बन्द गरिनेछ । भारी वर्षाका कारण बाढी तथा पहिरोको सम्भावित जोखिमलाई मध्यनजर गर्दै तोकिएको समयभित्र मात्र यात्रा गर्न प्रशासनले आग्रह गरेको छ ।

## साउदी अरबको ९६औँ राष्ट्रिय दिवस

काठमाडौं । साउदी अरबको ९६औं राष्ट्रिय दिवसका अवसरमा आज यहाँ विशेष समारोह आयोजना गरियो ।

नेपालका लागि साउदी अरबका राजदूत फहद मोहम्मद ए म्निखरले आयोजना गर्नुभएको समारोहमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल प्रमुख अतिथिका रूपमा सहभागी हुनुभयो । समारोहमा मन्त्रिपरिषद्का सदस्य, नेपाल सरकारका उच्च अधिकारी, कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधि, वरिष्ठ सञ्चारकर्मी, समाजका प्रतिष्ठित व्यक्ति र साउदी अरबका मित्रराष्ट्रका प्रतिनिधिको सहभागिता थियो ।

त्यस अवसरमा राजदूत म्निखरले साउदी अरबको राष्ट्रिय दिवसका अवसरमा शुभकामना व्यक्त गर्दै राजा अब्दुलअजिज बिन अब्दुर्रहमान अल साउदले एकीकरण गरेको मुलुकले पुस्तौंदेखि आफ्ना मूल्य, पहिचान र परम्पराको संरक्षणसँगै प्रगतिपथमा मुलुक अग्रसर भएको बताउनुभयो ।

## प्रधानमन्त्री शाह न्यूयोर्कमा

न्यूयोर्क । प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राष्ट्रसङ्घको ८१ औं महासभामा भाग लिने नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यहाँ आइपुग्नुभएको छ ।

प्रधानमन्त्री शाहलाई जेएफके अन्तरराष्ट्रिय विमान स्थलमा परराष्ट्रमन्त्री शिशिर खनाल, परराष्ट्रसचिव अमृतबहादुर राई, राष्ट्रसङ्घका लागि स्थायी नियोग प्रमुख राजदूत लोकबहादुर थापाले स्वागत गर्नुभयो । प्रधानमन्त्री शाहले आजै संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेससँग शिष्टाचार भेटघाट गर्नुहुने कार्यक्रम छ ।

प्रधानमन्त्री वालेन्द्र शाह न्यूयोर्कस्थित नेपाली नियोगले आयोजना गर्ने स्वागत समारोहमा पनि सरिक हुनुहुने छ ।

प्रधानमन्त्री शाहले बिहीबार अपराह्न महासभालाई सम्बोधन गर्नुहुने कार्यक्रम छ ।

## फिल्म सोसाइटी र चलचित्र कलाकार सङ्घ अमेरिका शाखाद्वारा सहयोग

काठमाडौं । रसुवाको भोटेकोशीमा गएको बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि नेपाल फिल्म सोसाइटी र नेपाल चलचित्र कलाकार सङ्घ अमेरिका शाखाले आर्थिक सहयोग उपलब्ध गराएका छन् ।

नेपाल फिल्म सोसाइटीका अध्यक्ष कृष्ण मल्लको नेतृत्वमा रु तीन लाख ३३ हजार ३३३ बराबरको चेक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुनेगरी सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनालाई हस्तान्तरण गरिएको हो । त्यसैगरी, नेपाल चलचित्र कलाकार सङ्घ अमेरिका शाखाका अध्यक्ष दिनेश कार्की र कलाकार मनोज आचार्यले रु एक लाख ५० हजार सहयोग जम्मा गरिएको भौचर मन्त्री तिमिल्सिनालाई हस्तान्तरण गर्नुभयो । दुवै संस्थाबाट गरी बाढी पीडितका लागि रु चार लाख ८३ हजार ३३३ सहयोग उपलब्ध भएको हो । सहयोग हस्तान्तरण कार्यक्रममा चलचित्र कलाकार सङ्घका अध्यक्ष उत्तम केसी, निवर्तमान अध्यक्ष मोहन निरौला, पूर्वअध्यक्ष रवीन्द्र खड्का तथा कलाकार शर्मिला मल्ललगायतको सहभागिता थियो । सो अवसरमा सञ्चारमन्त्री तिमिल्सिनाले विपद्को समयमा चलचित्र क्षेत्रबाट गरिएको सहयोग प्रति धन्यवाद व्यक्त गर्दै नेपाली चलचित्र क्षेत्रको विकास र प्रवर्द्धनका लागि सरकार आवश्यक सहयोग र सहकार्य गर्न तयार रहेको बताउनुभयो ।

बाढी पीडितको राहत तथा पुनःस्थापनाका कामलाई सरकारले पहिलो प्राथमिकतामा राखेर काम गरिरहेको उहाँको भनाइ छ । चलचित्र क्षेत्रलाई उद्योगका रूपमा विकास गर्न नीतिगत, कानुनी तथा आर्थिक पक्षमा सुधार गर्दै अघि बढ्ने सरकारको तयारी रहेको पनि उहाँले जानकारी दिनुभयो। चलचित्र विकास बोर्डलाई सबै चलचित्रकर्मी का लागि प्रभावकारी र समन्वयकारी संस्थाका रूपमा विकास गर्न आवश्यक रहेको उहाँको भनाइ थियो ।

सञ्चारमन्त्री तिमिल्सिनाले चालु आर्थिक वर्ष २०८३/८४ को बजेटमा चलचित्र क्षेत्रलाई प्रोत्साहन गर्न रु तीन करोड ५० लाख अनुदान विनियोजन गरिएको उल्लेख गर्नुहुँदै उक्त बजेट कार्यान्वयनका लागि 'सांस्कृतिक तथा राष्ट्रिय महत्त्वको क्षेत्रमा चलचित्र निर्माणको लागि प्रोत्साहन अनुदान कार्यक्रमसम्बन्धी कार्यविधि, २०८३' निर्माणको काम अन्तिम चरणमा पुगेको उहाँले बताउनुभयो । बजेटको उक्त कार्यक्रममार्फत सांस्कृतिक तथा राष्ट्रिय महत्वका विषय समेटिएका यथार्थपरक, मौलिक र उत्कृष्ट चलचित्र निर्माणलाई प्रोत्साहन गर्ने सरकारको उद्देश्य रहेको सञ्चार मन्त्री डा तिमिल्सिनाले बताउनुभयो। उहाँले संसदमा विचाराधीन चलचित्र विधेयक लाई प्रभावकारी र कार्यान्वयन योग्य बनाउने गरी काम भइरहेको जानकारी दिनुहुँदै चलचित्र क्षेत्रले लामो समयदेखि अपेक्षा गरेको नीतिगत तथा संरचनागत सुधार लाई प्राथमिकतामा राखिएको बताउनुभयो । चलचित्रमार्फत अन्तराष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने प्रयासलाई सरकारले प्रोत्साहन गर्ने उल्लेख गर्दै उहाँले चलचित्र क्षेत्रको विकासका लागि राज्यको सहयोग लाई नीतिगत, कानुनी तथा आर्थिक पक्षसँग जोडेर अघि बढाइने बताउनुभयो ।

## मौसमी विपद् जोखिमलाई ध्यानमा राख्दै आवश्यक तयारी

प्रत्युष समाचारदाता

काठमाडौं । प्रधानमन्त्री वालेन्द्र शाहले सम्भावित मौसमी विपद् जोखिमलाई ध्यानमा राख्दै सम्बन्धित निकायहरूलाई आवश्यक तयारी, समन्वय तथा पूर्वसतर्कता अपनाउन आग्रह गर्नुभएको छ ।

उहाँले बुधबार (हिजो) सामाजिक सञ्जालमार्फत मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार यही असोज ९ गतेदेखि असोज ११ गतेसम्म देशका विभिन्न स्थानमा मेघगर्जन, चट्याङ, हावाहुरीसहित भारीदेखि अति भारी वर्षाको सम्भावना उल्लेख गर्दै त्यस्तो आग्रह गर्नुभएको हो । साथै उहाँले सम्पूर्ण नागरिकलाई सुरक्षित रहन, सचेत बन्न तथा आवश्यक सावधानी अपनाउन पनि अनुरोध गर्नुभएको छ ।

विभागका अनुसार गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा भारीदेखि अति भारी वर्षा तथा एक/दुई स्थानमा अति भारी वर्षा हुन सक्ने पूर्वानुमान गरिएको छ । साथै, कोशी, बागमती, मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा समेत भारीदेखि धेरै भारी वर्षा हुन सक्ने सम्भावना छ। मौसम प्रणालीको प्रभावका कारण गण्डकी प्रदेशको पोखरा आसपास, लुम्बिनीको पहाडी तथा तराई क्षेत्र, कोशीको ताप्लेजुङलगायत हिमाली भूभाग, बागमतीको पहाडी खण्ड, कर्णालीको जुम्ला आसपास तथा सुदूरपश्चिमका पहाडी क्षेत्रहरूमा बाढी, पहिरो, डुबान तथा सडक अवरोधको जोखिमप्रति विशेष सतर्क रहन आवश्यक रहेको विभागले जनाएको छ । सम्भावित वर्षाका कारण बाढी, पहिरो, गेग्रान बहाव, डुबान तथा सडक र हवाई यातायातमा समेत अवरोध हुन सक्ने भएकाले सम्पूर्ण नागरिकलाई आवश्यक सावधानी अपनाउन विभागले अनुरोध गरेको छ ।

विभागले ट्रेकिङ तथा हिमाली क्षेत्रमा जाने योजना बनाउनुभएका व्यक्तिहरूले मौसम सुधार नभएसम्म यात्रा स्थगित वा पुनर्विचार गर्न, विभाग तथा स्थानीय प्रशासनबाट जारी हुने सूचना नियमित रूपमा हेर्न र आवश्यक अवस्थामा सम्बन्धित निकायको निर्देशन पालना गर्न समेत अनुरोध गरेको छ ।

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

*सम्पादकीय ....*

## सरकार चनाखो हुनुपर्ने

१६० किलोमिटर प्रतिघण्टाको वेगमा आएको भोटेकोशी बाढीको हृदयविदारक दृश्य नेपाली मानसपटलबाट त्यति छिटै ओझेल पर्दैन । ठूलो विपत्सँग जुधेपछि जितहार जे भए पनि हामी फेरि उठ्नै पर्छ, बाँचेको जीवनलाई नयाँ गति दिन पनि त्यसलाई बिर्सनै पर्छ । अब मृत्यु भएका नागरिक सम्झेर दुःखी हुने होइन, मृत्युलाई जितेर फर्केकाको भविष्यप्रति चिन्तित हुने हो । विस्थापित नागरिकलाई सुरक्षित र भरपर्दो बसोबासको व्यवस्थासहित पुनः सामाजिक जीवनमा फर्काउन एकजुट भएर लाग्ने हो । पीडा सम्झेर बसिरहने हो भने पुनर्निर्माणको योजनाले गति लिन सक्दैन । अब हामीसँग पुनर्निर्माण र पुनर्स्थापनाको खाकाको पक्षविपक्षमा बहस गर्ने समय बाँकी छैन । आर्थिक पुनर्निर्माणको प्रभावकारी प्याकेज तत्काल ल्याउन सकेनौं भने भूमिहीन र गरिब नागरिकको सङ्ख्या थपिने छ, जसले गरिबीको दर बढ्ने छ ।

प्रधानमन्त्री महासभाबाट फर्किएपछि विकास साझेदार दाता राष्ट्रहरूको सम्मेलन आयोजना गर्नु आवश्यक छ । भोटेकोशी विपत्का कारण मानवीय तथा भौतिक क्षति कति भयो, सहयोग कहाँ कति आवश्यक छ, हाम्रो स्रोतसाधनबाट कति काम गर्न सक्छौं भन्नेबारेमा हामी स्पष्ट हुनु पर्छ । हामीलाई चाहिने आर्थिक तथा प्राविधिक सहयोगको खाका पनि सँगसँगै प्रस्तुत गर्न हुनु पर्छ । विगतमा लिएका ऋण चुक्ता गर्न असमर्थ भइरहेका बेला थप ऋण लिन सक्ने सामर्थ्य हामीसँग छैन । विदेशीले दिने पनि त्यहीँका नागरिकले करबाट तिरेको रकम नै हो । उनीहरूलाई पनि नागरिकप्रति जवाफदेही हुनु पर्ला ।

अन्तर्राष्ट्रिय समुदायसँग सहयोग माग्नुअघि पुनर्निर्माण र पुनर्स्थापनाको काम कसरी गर्ने भनेर गन्तव्य निर्धारण गर्नु पर्छ । सरकारले सही नीति र विधि अनुसार व्यवस्थापन गर्ने हो, आफैं गएर काम गर्ने होइन । सरकारले तय गर्ने योजनाको खाका अनुसारको ढाँचा र इन्जिनियरिङको काम विज्ञ समूहले गर्ने हो । विज्ञलाई नै गन्तव्य निर्धारण गर्न दिंदा प्रभावकारी हुन सक्दैन ।

तीन तहका सरकारले पनि आफ्नो उपयोगिता सिद्ध गर्ने बेला आएको छ । सङ्घले योजना तथा नीति तर्जुमा, निश्चित मापदण्ड र स्रोत व्यवस्थापन गर्ने हो ।

प्रदेश सरकारले प्राविधिक तथा समन्वयको भूमिका निर्वाह गर्ने र स्थानीय तहले वास्तविक बाढी प्रभावित पहिचान गरी तिनीहरूलाई बस्ती विकासको सुरक्षित स्थल तय गरी पुनर्निर्माणमा सघाउने हो । २०७२ सालमा गएको विनाशकारी र जाजरकोट भूकम्पपछि समन्वय अभावका कारण पुनर्निर्माणमा भएको ढिलाइको अनुभव हामीसँग ताजै छ ।

समाज र सामाजिक भावनाको विशेष महत्व हुन्छ । विपत्ले धेरैलाई गाँस, बास र कपासविहीन बनायो । तत्कालका लागि गाँस, बास र कपासको व्यवस्था त भयो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्बाट सहयोग पनि आयो । समाजको सामाजिक संरचना, परम्परा, सम्बन्ध र संस्कृतिमा पारेको प्रभावलाई पुनः पुरानै अवस्थामा फर्काउन सहज हुँदैन । समाज यसतर्फ विशेष चनाखो हुनु पर्छ ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# सहज बन्दै भोजपुरवासीको दैनिकी


*युवराज विष्ट*

पूर्वी नेपालको ऐतिहासिक जिल्ला भोजपुर पछिल्लो समय सडक तथा पुल पूर्वाधार निर्माणमा फड्को मार्दै गएको छ । सङ्घीयता कार्यान्वयनपछि केन्द्र, प्रदेश तथा स्थानीय सरकारको प्राथमिकतामा सडक पूर्वाधार पर्न थालेसँगै जिल्लाका ग्रामीण बस्ती सडक सञ्जालमा जोडिनुका साथै मुख्य सडकको स्तरोन्नति र पुल निर्माणले गति लिएको हो ।

दुई नगरपालिका र सात गाउँपालिका गरी ८१ वडा रहेको भोजपुर एक हजार ५२७ दशमलव ३५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । २०७८ सालको जनगणनाअनुसार जिल्लाको जनसङ्ख्या एक लाख ५७ हजार ९२३ रहेको छ । देशमा सङ्घीयता कार्यान्वयनसँगै जिल्लाको सडक तथा पुल पूर्वाधारमा नयाँ गति आएको हो । २०७५ सालमा पूर्वाधार विकास कार्यालय भोजपुर स्थापना भएपछि प्रदेश सरकारमार्फत सञ्चालन भएका सडक, पुल तथा अन्य पूर्वाधारका योजनाले जिल्लाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । कार्यालय का प्रमुख राजनराज रेड्डीका अनुसार कार्यालय स्थापना हुनुअघि जिल्लामा चारवटा मात्र पक्की पुल रहेकामा त्यसयता १३ वटा पक्की पुल र १७ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भइसकेका छन् । भोजपुर-टक्सार सडकसमेत कालोपत्र भई सञ्चालनमा आएको छ । अहिले दुईवटा पक्की पुल र तीनवटा मुख्य सडकअन्तर्गतका छ वटा योजना निर्माणाधीन अवस्थामा रहेका छन् । "भोजपुर जिल्लामा सडक पुल निर्माणमा तीव्रता दिएका छौं", प्रमुख रेड्डीले भन्नुभयो, "हालसम्म एक पक्की सडक र १३ वटा पक्की पुल निर्माण सम्पन्न गरिसकेका छौं । केही मुख्य सडक र पुल निर्माणधीन छन् ।"

भोजपुर सदरमुकामलाई उत्तरी क्षेत्रसँग जोड्ने भोजपुर-दिंला सडकको पहिलो खण्डमा कालोपत्र को काम भइरहेको छ । स्थानीय वासीको लामो समय देखिको मागका रूपमा रहेको यो सडक दुई प्याकेजमा निर्माण भइरहेको छ । यसले भोजपुरको उत्तरी क्षेत्रलाई सङ्खुवासभासँग जोड्ने भएकाले अन्तरजिल्ला सडक सञ्जाल विस्तारको महत्वपूर्ण आधारका रूपमा लिइएको छ । पहिलो खण्डअन्तर्गत १७ दशमलव ५ किलोमिटर सडक निर्माणका लागि कोशी प्रदेश सरकारको रु ५८ करोड ४० लाख १५ हजार ५६१ मा २०८० मङ्सिरमा सम्झौता भएको हो । हालसम्म करिब तीन किलोमिटर सडक कालोपत्र भइसकेको छ भने भौतिक प्रगति ६० प्रतिशत पुगेको छ । सडक निर्माणको जिम्मा मार्सेली निर्माण सेवाले लिएको छ ।

वर्षायाममा हिलो र हिउँदमा अत्यधिक धुलोका कारण यस क्षेत्रमा आवतजावत कठिन हुने गरेको थियो । सडकको अवस्था कमजोर हुँदा बिरामीलाई उपचारका लागि लैजान, कृषि उपज बजारसम्म पुऱ्याउन तथा दैनिक उपभोग्य सामग्री ओसारपसार गर्न स्थानीय वासीले समस्या भोग्दै आएका थिए । स्थानीयवासी भीमप्रसाद राई सडक कालोपत्र सुरु भएपछि आफूहरू उत्साहित भएको बताउनु हुन्छ । सडक कालोपत्र सम्पन्न भएपछि दैनिक आवतजावत सँगै कृषि उपजको बजारीकरण र स्वास्थ्य सेवामा पहुँच सहज हुने उहाँको भनाइ छ । त्यसैगरी, भोजपुर-दिङ्ला सडककै दोस्रो खण्डअन्तर्गत तीनतले-दिङ्ला १६ किलोमिटर सडक रु ६३ करोड ९२ लाख ६२ हजार ७६१ लागतमा निर्माण भइरहेको छ । २०८० पुसमा सम्झौता भएको यो सडक २०८४ जेठमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । हालसम्म यसको भौतिक प्रगति २८ प्रतिशत पुगेको छ । अस्फाल्ट प्रविधिबाट कालोपत्र हुने सडकमा अहिले पर्खाल तथा नाली निर्माणको काम भइरहेको छ ।

भोजपुरको उत्तरी क्षेत्रमा पर्ने षडानन्द नगरपालिका र साल्पासिलिछो गाउँपालिकालाई जोड्ने तामुटार पक्की पुल निर्माण सम्पन्न भएपछि स्थानीयवासीलाई आवतजावतमा सहज भएको छ । कोशी प्रदेश सरकारअन्तर्गत पूर्वाधार विकास कार्यालय भोजपुर को रु छ करोड ३३ लाख ५२ हजार ५२६ लागतमा निर्माण भएको ५० मिटर लामो पुल २०८२ साल चैतदेखि सञ्चालनमा आएको हो । पुलले षडानन्द नगरपालिका-१ र साल्पासिलिछो गाउँपालिका-३ चौकी डाँडालाई जोडेको छ । पक्की पुल नहुँदा वर्षायाममा खोला बढेपछि आवतजावत पूर्ण रूपमा ठप्प हुने गरेको थियो । बिरामीलाई उपचारका लागि लैजान, गर्भवती महिलालाई अस्पताल पुऱ्याउन, विद्यार्थीलाई विद्यालय जान तथा दैनिक उपभोग्य सामग्री ओसार-पसार गर्नसमेत कठिनाइ हुने गरेको स्थानीयवासी तेजबहादुर घले बताउनुहुन्छ । पुल निर्माण भएपछि दुई स्थानीय तहका नागरिकलाई प्रत्यक्ष लाभ पुगेको उहाँको भनाइ छ । पूर्वाधार विकास कार्यालयका इन्जिनियर परशुराम साहका अनुसार पुल निर्माणपछि दुर्गम क्षेत्रका नागरिकलाई स्वास्थ्य संस्था, शैक्षिक संस्था, बजार तथा प्रशासनिक सेवामा पहुँच सहज भएको छ । गत आर्थिक वर्षमा भोजपुरको दक्षिणी क्षेत्रमा पर्ने ऐसेलु खोलामा पक्की पुल निर्माण सुरु भएको छ । आमचोक गाउँपालिका-७ र ८ लाई जोड्ने उद्देश्यले निर्माण थालिएको पुल वर्षायाममा स्थानीयवासीले भोग्दै आएको आवतजावतको समस्या समाधान गर्ने अपेक्षा गरिएको छ ।

कोशी प्रदेश सरकारको करिब रु छ करोड ६९ लाख लागतमा निर्माण भइरहेको पुल दुई स्पानको हुनेछ । यसको लम्बाइ ५२ मिटर रहनेछ । २०८२ असोजमा निर्माण सम्झौता भएको पुलको निर्माण अवधि दुई वर्ष रहेको छ । निर्माणको जिम्मा युडी लाइट जेभीले लिएको छ । वर्षायाममा खोलामा पानीको बहाव बढ्दा आवतजावत जोखिमपूर्ण हुने गरेको स्थानीयवासी मिसन तामाङ बताउनुहुन्छ । पुल अभावका कारण स्थानीयवासीले पुस्तौंदेखि समस्या भोग्दै आएको उहाँको भनाइ छ । आमचोक-७ का वडाध्यक्ष नवीन राईका अनुसार पुल निर्माण सम्पन्न भएपछि आमचोक गाउँपालिका-२, ३, ५, ६ र ७ का साथै रामप्रसादराई गाउँपालिकाका दुई वडाका स्थानीयवासी प्रत्यक्ष लाभान्वित हुनेछन् ।

त्यस्तैगरी, तेजिङ-हिलारी राजमार्गअन्तर्गत साल्पासिलिछो गाउँपालिका-६ मा पर्ने थुम्लुङ खोलामा पनि पक्की पुल निर्माण भइरहेको छ । पूर्वाधार विकास कार्यालयका अनुसार पुल निर्माणको हालसम्म ५५ प्रतिशत काम सम्पन्न भएको छ । कोशी प्रदेश सरकारको करिब रु चार करोड ९४ लाख ४५ हजार ४५६ लागतमा निर्माण भइरहेको पुलको लम्बाइ ३५ मिटर र चौडाइ फुटपाथसहित ८ दशमलव ४ मिटर रहनेछ । एक स्पानमा निर्माण भइरहेको पुल ओपन फाउन्डेसन प्रविधिमा निर्माण भइरहेको छ ।

विंस २०८२ असोजमा निर्माण सम्झौता भएको पुल २०८४ असोजसम्म सम्पन्न गर्ने लक्ष्य राखिएको छ । निर्माणको जिम्मा कोसेली-नौलाखा-जय गोविन्द जेभीले लिएको छ । वर्षौंदेखि जोखिम मोलेर खोला तर्दै आएका स्थानीयवासीका लागि पुल निर्माण दीर्घकालीन समाधान बन्ने अपेक्षा गरिएको छ । विशेषगरी विद्यार्थी, ज्येष्ठ नागरिक, बिरामी तथा गर्भवती महिलालाई पुल निर्माणपछि सहज हुने स्थानीयवासी खगेन्द्र राई बताउनुहुन्छ । षडानन्द-१२ देखि तुर्के पुल, भ्याउपोखरी हुँदै साम्पाङफाली दोबाटोसम्मको करिब २० किलोमिटर सडक पनि कालोपत्र भइरहेको छ । रु ५१ करोड ६२ लाख लागतमा २०७७ सालमा सम्झौता भएको यो सडकको हालसम्म ८३ प्रतिशत भौतिक प्रगति भएको छ । सडकको करिब १४ किलोमिटर कालोपत्र सम्पन्न भइसकेको छ । अस्फाल्ट प्रविधिबाट कालोपत्र भइरहेको सडकले उत्तरी क्षेत्रको यातायात पहुँचलाई थप सहज बनाउने षडानन्द नगर पालिकाका प्रमुख सुरेन्द्रकुमार उदासले बताउनुभयो । सडकको कामलाई सहजरुपमा सम्पन्न गराउन नगरले पनि आवश्यक भूमिका खेलिरहेको उहाँको भनाइ छ ।

त्यस्तै, भोजपुर-टक्सार-मानेभञ्ज्याङ-बासिखोरा-बालाङ्खा-रानीटार सडकको पहिलो प्याकेज अन्तर्गत रु २८ करोड ७० लाख ४८ हजार ८१४ लागतमा काम भइरहेको छ । २०७६ सालमा सम्झौता भएको यो सडकको गत आर्थिक वर्षमा एक किलोमिटर कालोपत्र सम्पन्न भएको छ । हालसम्म सडकको भौतिक प्रगति ६५ प्रतिशत पुगेको छ । सोही सडकको दोस्रो खण्ड रु २५ करोड ६९ लाख ३० हजार लागतमा निर्माण भइरहेको छ ।

विसं २०७६ मा सम्झौता भएको उक्त सडकमा कालोपत्रका लागि पर्खाल निर्माण तथा सब-बेस बिछ्याउने काम भइरहेको छ । यसको भौतिक प्रगति ६० प्रतिशत पुगेको छ । दुवै खण्ड अस्फाल्ट प्रविधिबाट कालोपत्र हुनेछन् । नालीसहित सडकको चौडाइ ८ दशमलव १ मिटर रहनेछ । दक्षिणी क्षेत्रको यातायातको मेरुदण्डका रूपमा रहेको यो सडक कालोपत्र हुन थालेपछि स्थानीयवासी उत्साहित भएका छन् । सोही सडकको तेस्रो प्याकेजअन्तर्गत रु १० करोड तीन लाख ८४ हजार लागतमा काम भइरहेको छ । २०८२ कात्तिकमा सम्झौता भएको यो सडक २०८४ जेठमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । हालसम्म यसको भौतिक प्रगति २० प्रतिशत रहेको छ । सडकमा कालोपत्रका लागि आवश्यक पर्खाललगायत संरचना निर्माणको काम भइरहेको कार्यालयले जनाएको छ ।

थानीयवासी भीमप्रसाद राई सडक कालोपत्र सुरु भएपछि आफूहरू उत्साहित भएको बताउनु हुन्छ । सडक कालोपत्र सम्पन्न भएपछि दैनिक आवतजावत सँगै कृषि उपजको बजारीकरण र स्वास्थ्य सेवामा पहुँच सहज हुने उहाँको भनाइ छ ।

पूर्वाधार विकास कार्यालय भोजपुरले सडक तथा पुलसँगै भवन निर्माणका योजनासमेत सञ्चालन गरिरहेको छ । कार्यालय मातहत गत आर्थिक वर्षमा सालबसाली आयोजनाअन्तर्गत सडक तथा सडक पुलतर्फ ६० र भवनतर्फ १९ गरी ७९ योजना रहेका छन् । तीमध्ये हालसम्म करिब ९५ प्रतिशत योजना सम्पन्न भएको कार्यालयले जनाएको छ तर ठूला बहुवर्षीय योजनामा न्यून बजेट विनियोजन हुनु, वर्षायाममा अत्यधिक वर्षा हुनु अपेक्षित गतिमा काम अघि बढाउन चुनौती देखिने गरेको कार्यालयको भनाइ छ । भौगोलिक विकटता, वर्षायाममा हुने प्राकृतिक अवरोध तथा निर्माण सामग्री ढुवानीको समस्या भोजपुरका लागि पूर्वाधार निर्माणका मुख्य चुनौती हुन् ।

यद्यपि पछिल्लो समय पक्की पुल निर्माण, मुख्य सडकको स्तरोन्नति तथा कालोपत्रको कामले तीव्रता पाएसँगै जिल्लाको यातायात पहुँचमा क्रमिक सुधार हुँदै गएको छ ।

सडक र पुल निर्माणले यातायात सहज बनाउने मात्र नभई स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन तथा बजारसम्मको पहुँच विस्तारमासमेत महत्वपूर्ण योगदान पुऱ्याउने देखिन्छ । ग्रामीण बस्तीलाई मुख्य बजार र अन्तरजिल्ला सडक सञ्जालसँग जोड्ने पूर्वाधार निर्माणले भोजपुरको आर्थिक तथा सामाजिक विकासलाई समेत नयाँ आधार दिने स्थानीय जानकारहरुको भनाइ छ ।

## महिला पत्रकारलाई डिजिटल सुरक्षा र कानुनी साक्षरताबारे प्रशिक्षण

काठमाडौँ । डिजिटल सुरक्षा र कानुनी साक्षरताका बारेमा महिला पत्रकारलाई तीनदिने प्रशिक्षण प्रदान गरिएको छ ।

बुधबार डाइलग डेमोक्रेसी इनिसिएटिभ (डिडिआइ) को सहकार्यमा सञ्चारीका समूहले कार्यशाला सुरु गरेको हो । 'डिजिटल सेफ्टी र लिगल लिट्रेसी वर्कसप-डिफेन्डिङ डिजिटल एक्सप्रेसन' विषयमा सञ्चालन भइरहेको कार्यशालामा पत्रकार उज्ज्वल आचार्यले डिजिटल कानुनी साक्षरताबारे प्रशिक्षण दिनुभएको थियो । उहाँले खासगरी पत्रकारितामा डिजिटल कानुनी साक्षरता कति आवश्यक छ र के के विषयमा जानकारी लिने भन्ने पक्षमा प्रशिक्षण दिनुभयो । सञ्चारिका समूहका अध्यक्ष कमला पन्थीले महिला पत्रकारलाई डिजिटल साक्षरताबारे जानकारी लिनु आवश्यक रहेको बताउँदै सञ्चारिका समूहले प्रशिक्षणमा जोड दिएको बताउनुभयो । उहाँले महिला पत्रकारकै पेसागत र व्यक्तिगत सुरक्षाका लागि पनि यो विषयमा ज्ञान आर्जन गर्न जरुरी रहेको बताउनुभयो ।

## बिपी राजमार्गको ट्र्याकको काम केही दिन स्थगित गरिने

काठमाडौँ । सरकारले भारी वर्षाको सम्भावनालाई ध्यानमा राख्दै बिपी राजमार्गको निर्माणाधीन ट्र्याकको काम केही दिन स्थगित गर्ने तयारी गरेको छ ।

पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले आगामी केही दिन देशका विभिन्न स्थानमा भारी वर्षाको सम्भावना रहेकाले मौसम पूर्वानुमानलाई ध्यानमा राख्दै बीपी राजमार्गको निर्माणाधीन 'ट्र्याक'को काम केही दिनका लागि स्थगित गरेर यातायात सञ्चालनलाई सहज र सुरक्षित बनाउने तयारी गरिएको जानकारी दिनुभयो ।

"सम्भावित वर्षा, पहिरो तथा सडकमा आउन सक्ने चुनौतीलाई मध्यनजर गर्दै निर्माण कार्य केही दिन स्थगित गर्ने तयारी गरिएको हो । यसबाट सडकमा हुने सम्भावित जोखिम न्यूनीकरण गर्दै यातायात सञ्चालनलाई सुरक्षित र सहज बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ," उहाँले भन्नुभयो ।

मन्त्री लम्सालले सम्भावित वर्षा तथा पहिरोको जोखिमलाई ध्यानमा राख्दै यात्राका क्रममा सतर्कता अपनाउन र अनावश्यक जोखिम नलिन सम्पूर्ण यात्रु तथा सर्वसाधारणमा अनुरोध गर्नुभएको छ ।

## मन्त्री बादी र आइएफआरसी क्षेत्रीय निर्देशकबीच भेट




काठमाडौँ । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादी र अन्तरराष्ट्रिय रेडक्रस तथा रेड क्रिसेन्ट महासङ्घ(आइएफआरसी) का एशिया प्रशान्त क्षेत्रीय निर्देशक अलेक्जेन्डर म्याथ्युबीच भेटवार्ता भएको छ ।

मन्त्रालयमा बुधबार भएको भेटवार्तामा हालै रसुवा, नुवाकोट तथा आसपासका क्षेत्रमा आएको बाढीबाट प्रभावित नागरिकको राहत, संरक्षण तथा पुनःस्थापनालाई थप प्रभावकारी बनाउने विषयमा छलफल भएको मन्त्री बादीको सचिवालयले जनाएको छ ।

सचिवालयका अनुसार विशेषगरी बाढीबाट प्रभावित महिला, बालबालिका तथा अन्य संवेदनशील समूहको सुरक्षा, संरक्षण र अधिकार सुनिश्चित गर्ने विषयलाई प्राथमिकतामा राखिएको थियो ।

मन्त्री बादीले विपद्को कठिन समयमा नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा आइएफआरसीले प्रभावित समुदायका लागि गर्दै आएको मानवीय सहयोगप्रति नेपाल सरकारका तर्फबाट धन्यवाद व्यक्त गर्नुभयो । उहाँले विपद्का बेला तत्काल राहत उपलब्ध गराउनुका साथै प्रभावित नागरिकको स्वास्थ्य, सुरक्षा, मनोसामाजिक सहयोग र सुरक्षित पुनःस्थापनालाई पनि समान प्राथमिकताका साथ अघि बढाउनुपर्नेमा जोड दिनुभयो ।

आइएफआरसीले नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा बाढी प्रभावित क्षेत्रमा आश्रय, खाद्य सहयोग, खानेपानी तथा सरसफाइ, स्वास्थ्य तथा मोबाइल स्वास्थ्य सेवा र मनोसामाजिक सहयोगलगायतका क्षेत्रमा मानवीय सहायता उपलब्ध गराउँदै आएको छ । भेटमा यस्ता सहयोगलाई अझ व्यवस्थित, समन्वित र आवश्यकता भएका समुदायसम्म प्रभावकारी रूपमा पुर्‍याउने विषयमा समेत छलफल भएको थियो ।

मन्त्री बादीले विपद्को प्रभाव महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य संवेदनशील समूहमा थप गम्भीर पर्न सक्ने भएकाले उनीहरूको विशेष आवश्यकता सम्बोधन हुने गरी संरक्षण तथा पुनःस्थापनाका कार्यक्रम सञ्चालन गर्नुपर्ने बताउनुभयो । उहाँले सरकार, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी तथा अन्तरराष्ट्रिय मानवीय साझेदार बीचको सहकार्य र समन्वयलाई थप मजबुत बनाउनुपर्नेमा जोड दिनुभयो । भेटवार्तामा विपद्को तत्कालीन प्रतिकार्यदेखि प्रभावित नागरिकको पुनःस्थापनासम्म मानवीय सहयोगलाई थप प्रभावकारी बनाउने, संरक्षणको आवश्यकता भएका समूहलाई प्राथमिकतामा राख्ने तथा आगामी दिनमा समेत सरकार र अन्तरराष्ट्रिय मानवीय साझेदारबीच सहकार्यलाई निरन्तरता दिने विषयमा सकारात्मक छलफल भएको थियो ।

## फ्लाई दुबईको जहाज पोखरा अन्तराष्ट्रिय विमानस्थलमा अवतरण

गण्डकी । फ्लाई दुबईले आजदेखि सुरू गरेको दुबई-पोखरा-दुबई नियमित व्यावसायिक उडान अन्तर्गत दुबई अन्तरराष्ट्रिय विमानस्थलबाट उडेको फ्लाई दुबईको जहाज बुधबार साँझ ६:१९ बजे पोखरा अन्तरराष्ट्रिय विमान स्थलमा अवतरण गरेको छ ।

एक सय १३ यात्रु लिएर आएको बोइङ ७३७ म्याक्स जहाजलाई पोखरा विमानस्थलमा पानीको फोहराले स्वागत गरिएको विमान स्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले जानकारी दिनुभयो । यात्रुको स्वागतका लागि पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसहित सरकारी अधिकारी र पर्यटन सम्बद्ध सङ्घसंस्थाका प्रतिनिधि विमान स्थलमा उपस्थित हुनुहुन्थ्यो । नियमित उडान तालिकाअनुसार फ्लाई दुबईको जहाज बुधबारै साँझ ७:१५ बजे एक सय ५३ यात्रु लिएर दुबईका लागि उड्ने विमानस्थलका महाप्रबन्धक निरौलाले बताउनुभयो । यसअघि केही वायुसेवा कम्पनीले पोखरादेखि अन्तरराष्ट्रिय उडान सुरु गरे पनि नियमित हुन नसकेकामा फ्लाई दुबईले नयाँ आशा जगाएको उहाँले बताउनुभयो ।

पोखरादेखि दुबई भएर युरोप, अमेरिकालगायत विभिन्न गन्तव्य मुलुकमा जाने यात्रुलाई सहजता थपिने र यात्राअवधि छोटिँदा खर्च पनि घट्ने महाप्रबन्धक निरौलाले बताउनुभयो । पर्यटकीय राजधानीसमेत रहेको पोखरासहित यहाँका पर्यटकीय क्षेत्रको घुमफिरका लागि विदेशी पर्यटकहरू सिधै पोखरा आउन सक्नेछन् । वैदेशिक रोजगारी, अध्ययन, घुमफिर आदिका लागि अरब मुलुकसहित अन्य देशमा जाने यात्रु तथा सर्वसाधारणका लागि पोखरा-दुबई उडान सेवा लाभदायी हुने देखिएको छ । सन् २०२३ जनवरीदेखि सञ्चालनमा आएको यस विमान स्थलबाट नियमित अन्तराष्ट्रिय उडान हुन सकेको थिएन । सरकारले चालु आवको नीति तथा कार्यक्रममा पोखरा अन्तराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाई दुबईले उडान सुरु गरेको हो । दुबई-पोखरा-दुबई उडानका लागि गत जेठ २५ गते नेपाल नागरिक उड्डयन प्राधिकरणले फ्लाई दुबईलाई अनुमति दिएको थियो । सरकारले अन्तरराष्ट्रिय उडानका लागि वायुसेवा कम्पनीलाई आकर्षित गर्न यस विमान स्थलमा लाग्ने विभिन्न शुल्कमा छुट दिएको छ । विसं २०८५ भदौ मसान्त सम्मका लागि विमान स्थलमा पार्किङ, ल्यान्डिङ र नेभिगेसन शुल्क पूर्ण रूपमा छुट दिइएको छ । यस्तै, ग्राउन्ड ह्यान्डलिङ शुल्कमा ५० प्रतिशत छुट दिने निर्णय सरकारले गरेको छ । फ्लाई दुबईको हरेक दिन साँझ ६:१५ बजे पोखरा अवतरण र ७:१५ बजे पोखरादेखि दुबईका लागि प्रस्थानको तालिका रहेको छ । विश्वव्यापी हवाई ट्रान्जिट हब दुबईसम्मको सीधा उडानले पोखरालाई अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोडेको छ । विश्वका १२० भन्दाबढी गन्तव्यमा फ्लाई दुबईले सीधा उडान गर्दै आएको छ । फ्लाई दुबई र इमिरेट्स एयरलाइन्स बीच रणनीतिक कोडसेयर साझेदारी अन्तर्गत दुबई-पोखरा-दुबई उडान सेवा सञ्चालन हुनेछ । पोखरादेखि अष्ट्रेलिया, युरोप वा अमेरिकी सहरमा पुग्ने यात्रुहरुले एउटै टिकटबाट यात्रा गर्न सक्ने र गन्तव्यसम्म पुग्दा कुनै झण्झट नुहने बताइएको छ ।

## साना उद्योग क्षेत्र सरकारको प्राथमिकतामा छः अर्थमन्त्री डा वाग्ले

काठमाडौँ । प्रधानमन्त्रीको समेत कार्यभार सम्हाल्नुभएका अर्थमन्त्री डा स्वर्णिम वाग्लेले लघु, घरेलु तथा साना उद्योग क्षेत्र सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ ।

नेपाल घरेलु तथा साना उद्योग महासङ्घको प्रतिनिधिमण्डलसँगको भेटमा मन्त्री डा वाग्लले मुलुकको आर्थिक विकासमा लघु, घरेलु तथा साना उद्योगको विकास अपरिहार्य रहेको र यसमा सरकारले सक्दो रहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

सो अवसरमा महासङ्घका तर्फबाट लघु, घरेलु तथा साना उद्योगको विकासका लागि नीतिगत सुधारको माग राख्दै आगामी १० वर्षलाई 'लघु, घरेलु तथा साना उद्योग विकास दशक' घोषणा गर्नुपर्ने, सहुलियतपूर्ण तथा बिनाधितो कर्जा उपलब्ध गराउनुपर्ने र नयाँ उद्योगलाई कर सहुलियत दिनुपर्ने सुझाव दिइएको छ । सार्वजनिक खरिदमा कम्तीमा ३० प्रतिशत स्वदेशी एमएसएमई उत्पादनलाई प्राथमिकता, 'मेड इन नेपाल' अभियान, निर्यात सहजीकरण तथा आधुनिक प्रविधि भित्र्याउन सरकारी अनुदानको व्यवस्था गर्न महासङ्घले माग गरेको महासङ्घकी अध्यक्ष शोभा गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार महासङ्घले महिला तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाका लागि विशेष उद्यमशीलता प्याकेज, '१०० स्टार्टअप-१०० इन्भेष्टर' कार्यक्रम तथा उद्योगसम्बन्धी सरकारी सेवा छिटोछरितो बनाउन 'फास्ट-ट्र्याक इन्डष्ट्रियल सर्भिस' लागू गर्न पनि प्रस्ताव गरेको छ । सरकार, निजी क्षेत्र र सरोकारवाला बीच सहकार्यबाट उत्पादन, रोजगारी र निर्यात बढाउँदै आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न सकिने महासङ्घले जनाएको छ ।

बाढीपीडितलाई सहयोग

सो अवसरमा महासङ्घले बाढीप्रभावित परिवारहरूको राहतका लागि रु पाँच लाख ५५ हजार ५५५ सहयोग गरेको छ । उक्त सहयोग रकम कार्यवाहक प्रधानमन्त्री तथा अर्थमन्त्री डा वाग्लेलाई अध्यक्ष गुरुङले हस्तान्तरण गर्नुभयो । सहयोग रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको हो ।

महासङ्घकी अध्यक्ष गुरुङको नेतृत्वमा गएको प्रतिनिधिमण्डलमा महासङ्घका सल्लाहकार वासु गिरी, वरिष्ठ उपाध्यक्ष डम्बरप्रसाद रेग्मी, उपाध्यक्षहरु हरिहर थापा, मोहन कटुवाल, सत्यनारायण प्रजापति, जानकी प्रधान, गुणराज ढकाल, महिला उद्यमी समितिकी अध्यक्ष रीता अवाल, महासचिव विनोददेव पन्त, कोषाध्यक्ष वीरेन्द्र जत्तिलगायत सहभागी हुनुहुन्थ्यो ।

## संस्थागत गरिमा जोगाउन आत्मसमीक्षा आवश्यक छः सञ्चारमन्त्री डा तिमिल्सिना

काठमाडौँ । सूचना तथा सञ्चार मन्त्री डा विक्रम तिमिल्सिनाले पत्रकारिता क्षेत्रको व्यावसायिकता, विश्वसनीयता र संस्थागत गरिमा जोगाउन समग्र पत्रकारिता क्षेत्रले आफ्ना कमजोरीको निर्मम समीक्षा गरी सुधारको बाटोमा अघि बढ्नुपर्ने बताउनुभएको छ ।

नेपाल पत्रकार महासङ्घ नेपाल टेलिभिजन प्रतिष्ठानद्वारा बुधबार आयोजित 'हेम-सुनिल जोखिमपूर्ण टेलिभिजन पत्रकारिता पुरस्कार वितरण समारोह २०८३' लाई सम्बोधन गर्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले पत्रकारिता आफैँमा एउटा संस्था भएकाले यसको शाख, मर्यादा र विश्वसनीयता जोगाउने जिम्मेवारी कुनै एउटा व्यक्ति वा संस्थाको मात्र नभई समग्र पत्रकारिता क्षेत्रको भएको बताउनुभयो । "पत्रकारिता भनेको आफैँमा एउटा संस्था हो । यो संस्थाको गरिमा हामी सबैले सामूहिकरूपमा जोगाउने र यसको स्तर उन्नति गर्ने हो । हाम्रो पत्रकारिताको शाख के कुराले कमजोर बनाइरहेको छ भन्ने कुरा सोच्ने जिम्मेवारी हरेक पत्रकारको हो", उहाँले भन्नुभयो । सञ्चारमन्त्री डा तिमिल्सिनाले पत्रकारिताको मूल मर्म र व्यावसायिक मूल्यलाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा जोड दिँदै कस्तो पत्रकारिता र कस्ता सञ्चार संस्था निर्माण गर्ने भन्ने मूल प्रश्नको जवाफ खोज्नुपर्ने बताउनुभयो ।

"हामीले कस्तो पत्रकारिता बनाउन खोजेका हौँ, कस्ता संस्था निर्माण गर्न खोजेका हौँ र कस्तो पत्रकारिता क्षेत्र निर्माण गर्न चाहन्छौँ भन्ने मूल प्रश्नको जवाफ दिनुपर्छ", उहाँले भन्नुभयो । सञ्चारमन्त्री डा तिमिल्सिनाले पत्रकारिता क्षेत्रको सुरक्षा, व्यावसायिकता र पत्रकारको भविष्यका विषयमा गम्भीर प्रश्न उठिरहेको उल्लेख गर्दै आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेयता यी विषयको समाधानका लागि आवश्यक काम अघि बढाइरहेको बताउनुभयो । उहाँले स-साना समस्यालाई लिएर एकअर्कामाथि आरोप लगाउँदै सडकमा जाने प्रवृत्तिले संस्थागत समस्या समाधान नहुने पनि स्पष्ट पार्नुभयो । उहाँले विधि, विधान र संस्थागत प्रणालीलाई बलियो बनाएर समस्याको समाधान खोज्नुपर्नेमा जोड दिनुभयो । सार्वजनिक सेवा प्रसारण संस्थालगायत सार्वजनिक सञ्चार संस्थाको अवस्थाबारे पनि गम्भीर समीक्षा आवश्यक रहेको सञ्चार मन्त्री डा तिमिल्सिनाले बताउनुभयो । उहाँले ती संस्थाको लामो इतिहास र नेपाली संगीत, सञ्चार तथा पत्रकारिताको विकासमा रहेको योगदानको स्मरण गर्नुहुँदै पछिल्लो समय ती संस्थाहरू कमजोर अवस्थामा पुग्नुको कारण खोजिनुपर्ने बताउनुभयो ।

"अर्बौंको सम्पत्ति भएको एउटा सञ्चार संस्थाले आफ्ना कर्मचारीको पेन्सन र सुविधाका लागि सरकारको अनुहारमा टुलुटुलु हेर्नुपर्ने अवस्था किन आयो ? वर्षौंदेखि लेखापरीक्षण हुन नसक्नुको कारण के हो ? यी प्रश्नको जवाफ खोज्नुपर्छ", सञ्चारमन्त्री डा तिमिल्सिनाले भन्नुभयो । रेडियो नेपाल र नेपाल टेलिभिजनका भौतिक पूर्वाधार निजी संस्थाभन्दा कमजोर नरहेको उल्लेख गर्दै उहाँले उपलब्ध पूर्वाधार र स्रोत हुँदाहुँदै पनि संस्था बलियो हुन नसक्नुका कारण संस्थाभित्रै खोजिनुपर्ने बताउनुभयो । "यी संस्थालाई बलियो हुनबाट रोक्ने के शक्ति थियो ? त्यो प्रश्नको जवाफ हामीले भित्रैदेखि खोजेनौँ भने कुनै पनि समस्याको समाधान हुँदैन", उहाँले भन्नुभयो । संस्थागत सुधारबिना सार्वजनिक सञ्चार संस्था र समग्र पत्रकारिता क्षेत्रलाई बलियो बनाउन नसकिने सञ्चारमन्त्री डा तिमिल्सिना ले बताउनुभयो । उहाँले विगतमा भएका गलत अभ्यास सच्याउन सबै पक्ष तयार हुनुपर्नेमा जोड दिनुभयो । "हामीले हिजो गरेका गलत कुरालाई सुधार गर्न निर्मम भएर तयार हुनुपर्छ । सबै पक्ष एकै ठाउँमा आएर संस्थालाई बलियो बनाउने सङ्कल्प गर्ने हो भने सुधार गर्न सकिन्छ । सुधार गर्नैपर्छ", उहाँले भन्नुभयो । सञ्चारमन्त्री डा तिमिल्सिनाले पत्रकारिता जोखिम मोल्नुपर्ने पेशा भएपनि पत्रकारले आफ्नो सुरक्षालाई पहिलो प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो । जोखिम मोलेर रिपोर्टिङ गर्ने पत्रकारलाई सम्मान गर्ने उद्देश्यले आयोजित कार्यक्रममा उहाँले पत्रकारिता जनतालाई सुसूचित गर्ने महत्वपूर्ण जिम्मेवारी भए पनि जोखिम लिनु र अनावश्यक रूपमा जीवन जोखिममा पार्नु फरक विषय भएको बताउनुभयो । आफ्नो जीवनलाई जोखिममा राखेर रिपोर्टिङ गर्नुपर्छ भन्ने सोच राख्नु हुँदैन । सुरक्षा पहिलो कुरा हो", सञ्चार मन्त्री डा तिमिल्सिनाले भन्नुभयो । सुरक्षा सुनिश्चित गर्ने प्रयास हुँदाहुँदै पनि कतिपय अवस्थामा पत्रकारले जोखिमपूर्ण घटनाको रिपोर्टिङ गर्नुपर्ने अवस्था आउने र त्यस क्रममा अप्रिय घटना हुने गरेको उल्लेख गर्दै उहाँले सम्भव भएसम्म आफ्नो सुरक्षाको ख्याल गर्दै व्यावसायिक जिम्मेवारी निर्वाह गर्न पत्रकारलाई आग्रह गर्नुभयो ।

# भारी वर्षाको पूर्वानुमान ः धादिङमा अत्यावश्यकबाहेक यात्रा नगर्न आग्रह

धादिङ । जिल्ला प्रशासन कार्यालय धादिङले भारी वर्षाको सम्भावनालाई ध्यानमा राख्दै अत्यावश्यक कामबाहेक यात्रा नगर्न र उच्च सतर्कता अपनाउन अनुरोध गरेको छ ।

धादिङका प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डेय (गौतम)ले एक सुचना प्रकाशन गर्दै उद्धृत मौसम पूर्वानुमानअनुसार सतकर्ता अपनाउन अनुरोध गर्नुभएको हो । वर्षाका कारण नदी तथा खोलामा पानीको बहाव बढ्न सक्ने र आकस्मिक बाढी, पहिरो, गेग्रान बहाव तथा डुबानको जोखिम रहने भन्दै नदी, खोला तथा खहरे आसपास र पहिरोको जोखिम भएका स्थानका बासिन्दालाई विशेष सतर्क रहन आग्रह गर्नु भएको हो । उहाँले स्थानीय तह र सुरक्षा निकायसँग समन्वय गरी सुरक्षित स्थानमा बस्न समेत अनुरोध गर्नु भएको छ ।

अत्यावश्यक यात्रामा निस्कँदा अतिरिक्त कपडा, खानेकुरा, पानी र प्राथमिक उपचारका आधारभूत औषधि साथमा बोक्न प्रशासनले आग्रह गरेको छ। यात्राका क्रममा बाढीपहिरो वा सडक अवरोध भए सुरक्षित स्थानमा आश्रय लिन अनुरोध गरिएको छ ।

## श्री शङ्खादेवी माध्यमिक विद्यालय

बेनीघाट रोराङ-९, मझिमटार, धादिङ

### खाद्यान्न आपूर्ति सम्बन्धी दरभाउपत्र आह्वानको सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८३/०६/०८

बागमती प्रदेश सरकारबाट यस विद्यालयलाई आवासीय विद्यालयको रुपमा सञ्चालन गर्न स्विकृति प्राप्त भएकोले हाल १०० जना विद्यार्थी २०८३ असार मसान्तसम्म आवासीय रुपमा राख्ने प्रयोजनका लागि आवश्यक पर्ने खाद्यान्न बागमती प्रदेश सरकारबाट संझौता भए बमोजिम विहान खाजा, विहान खाना,दिउँसो खाजा, बेलुकी खाना खुवाउन आवश्यक पर्ने निम्नानुसार खाद्यान्न तथा तरकारीको जिल्ला दररेट नबढ्ने गरी के कति दररेटमा दिन सक्ने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र रितपूर्वक गोप्य शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

| सि.न. | बोलपत्रको नाम | धरौटी | बोलपत्र दस्तुर |
|---|---|---|---|
| SDSS/Goods/01/083-084 | खाद्यान्न आपूर्ति | ७६,०००।- | १०००।- |

बोलपत्र सम्बन्धी विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख गरिएको छ ।

- बोलपत्र फाराम खरिद गर्नुपर्ने अन्तिम मिति र स्थान : २०८३/०६/१५ गते दिनको १२:०० बजे श्री शङ्खादेवी मा.वि. मझिमटार ।
- बोलपत्र फाराम र धरौटीका लागि :

**बैङ्कको नाम** : प्रभु बैङ्क शाखा, बेनिघाट

**खाता नं.**: ०८३०११०१८४६०००११ मा जम्मा गरी भौचर बोलपत्र फाराम साथ पेश गर्ने ।

- दर्ता अन्तिम मिति : २०८३/०६/१५ गते दिनको १:०० बजे ।
- बोलपत्र खोल्ने मिति: २०८३/०६/१५ गते दिनको २:०० बजे ।
- बोलपत्रको अवधि : ठेक्का संझौताको मितिदेखि २०८४ असार मसान्त सम्म ।

| सि.नं | विवरण | किसिम,गुणस्तर | अनुमानित चाहिने परिणाम | एकाइ | दर रेट(रु) | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | चामल | जिरा मसिनो ए ग्रेड | ८५०० | के.जी. | ९५ | ८०७५०० |
| २. | दाल | रातो | ४५० | के.जी. | १६० | ७२००० |
| ३. | दाल | मासको | १०० | के.जी. | १९२ | १९२०० |
| ४. | नुन | | २०० | के.जी. | २७ | ५४०० |
| ५. | ह. तरकारी | फरक फरक किसिमको हुनुपर्ने(काउली,बन्दा,भेन्टे खुर्सानी,बोडी,घिउसिमी, ब्रोकाउली, साग,फर्सी, भेन्टा,करेला,भेन्डी,लौका, टाटे सिमी,मुला, गाजर, गोलभेडा आदि ) | ६५०० | के.जी. | ८५ | ५५२५०० |
| ६. | आलु | रातो | ६५०० | के.जी. | ५१ | ३३१५०० |
| ७. | प्याज | | १००० | के.जी. | ७५ | ७५००० |
| ८. | कु. मासु | | ५०० | के.जी. | ४१० | २०५००० |
| ९. | अण्डा | | २००० | वटा | २० | ४०००० |
| १०. | तेल (सूर्यमुखी) | | ८०० | लिटर. | २५६ | २०४८०० |
| ११. | चिनी | | ३०० | के.जी. | ११५ | ३४५०० |
| १२. | चियापति | | २० | के.जी. | ४९८ | ९९६० |
| १३. | विस्कुट ५० ग्राम | | २००० | वटा | २२ | ४४००० |
| १४. | ग्याँस | | २४० | वटा | २०६० | ४९४४०० |
| १५. | चना | | ३०० | के.जी. | १६० | ४८००० |
| १६. | पाउरोटी १५ खाले | | १८००० | वटा | १४ | २५२००० |
| १७. | सोयबिन तरकारी | | २०० | के.जी. | २३० | ४६००० |
| १८. | केराउ | | ३०० | के.जी. | १६४ | ४९२०० |
| १९. | बोडी | | ३०० | के.जी. | १६४ | ४९२०० |
| २०. | मसला(जिरा, धनिया | | ६० | के.जी. | ३४७ | २०८२० |
| २१. | लसुन | | २०० | के.जी. | ३०० | ६०००० |
| २२. | चिउरा | | ६०० | के.जी. | ९५ | ५७००० |
| २३. | भुजा | | ६०० | के.जी. | १५० | ९०००० |
| २४. | सुजी | | ५०० | के.जी. | १४० | ७०००० |
| २५. | कागती | | २५ | के.जी. | २२० | ५५०० |
| २६. | दही | | ४०० | लिटर. | १५० | ६०००० |
| २७. | साबुन life boy | | १०० | वटा | ४५ | ४५०० |
| २८. | रिचसाबुन २० खाले | | ३०० | वटा | १८ | ५४०० |
| २९. | पास्ता | | ४०० | के.जी. | १३५ | ५४००० |
| ३०. | लुगा धुने साबुन | | २०० | वटा | ४० | ८००० |
| ३१ | बेसार | | २० | के.जी. | ५२५ | १०५०० |
| | | | | | | ३७८५८८० |

नोटः माथि उल्लेखित मूल्य, भ्याट लाग्ने वस्तुको हकमा भ्याट सहितको मूल्य भएको जानकारी गराइन्छ ।

सम्पर्क नं.:९८४९१५६४९१, ९८४९२७१४८६

# सङ्क्रामक पशु रोग(नियन्त्रण) विधेयक स्वीकृत

काठमाडौं । प्रतिनिधिसभाबाट 'सङ्क्रामक पशु रोग (नियन्त्रण) विधेयक, २०८३' स्वीकृत भएको छ। सभाको आजको बैठकमा कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले प्रस्तुत गर्नुभएको राष्ट्रियसभामा उत्पत्ति भएको सो विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत भएको हो । उक्त प्रस्तावमाथिको छलफलमा भाग लिँदै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद अशोक कुमार चौधरीले ग्रामीण अर्थतन्त्रको मुख्य आधारका रूपमा कृषि र पुशधन रहेको अवस्थामा सङ्क्रामक पशु रोग फैलिनुभन्दा अगाडि नै रोकथाम गर्न जरुरी रहेको बताउनुभयो ।

नेपाली कम्युनिष्ट पार्टीका रमेशकुमार मल्लले प्रस्तुत विधेयकले पशुपालक किसानले भोग्नु परेको समस्या समाधान गर्नुपर्नेमा जोड दिनुभयो। रास्वपाका समिना मियाँले पशु स्वास्थ्यलाई मानव स्वास्थ्य र वातावरणीय स्वच्छतासँग जोडेर सङ्क्रामक रोग नियन्त्रण गर्नुपर्ने धारणा राख्नुभयो। सांसदहरू शोभा खानाल, गङ्गालक्ष्मी अवाल, माधव बहादुर थापा, मोहनलाल आचार्य, समीक्षा बास्कोटा, पुष्पाकुमारी चौधरी, गणेशबहादुर विश्वकर्मा, डा ओजस्वी शेरचन, तारा विश्वकर्मा, गङ्गादेवी श्रेष्ठ, पार्वती विक, नीनुकुमारी कर्ण, भरतप्रसाद पराजुली, हरिमोहन भण्डारी, राजन गौतम र हरिप्रसाद भुसालले सङ्क्रामक पशु रोग नियन्त्रणका लागि विधेयक आवश्यक रहेको बताउनुभयो। प्रतिनिधिसभाको अर्को बैठक आज (यही असोज ८ गते) अपराह्न ११ बजे बस्नेछ ।

# धार्मिक आस्थाको केन्द्रका रुपमा प्रसिद्ध विष्णुपादुका मन्दिर

सुनसरी । धरान उपमहानगर पालिका-२० स्थित विष्णुपादुका मन्दिर पितृश्राद्ध तथा धार्मिक आस्थाको केन्द्रका रूपमा प्रसिद्ध पाएको छ । प्राकृतिक सौन्दर्यका कारणसमेत बेग्लै पहिचान बोकेको विष्णुपादुका क्षेत्रमा धरानबाट हिँड्दै जाँदा चिसो हावापानीसँगै गाउँले परिवेशको अनुभूति गर्ने अवसर प्राप्त हुनेछ ।

विशेषगरी मोक्ष प्राप्त गर्न नसकेका पितृलाई तर्पण दिइ भगवान् विष्णुले पहिलो श्राद्ध गरेको स्थानका रूपमा विष्णुपादुकालाई लिने गरिएको छ । त्यस घटनाबाट त्यहाँ श्राद्ध परम्पराको थालनी भएको भक्तजन को विश्वास रहेको छ ।

इटहरीबाट पहिलोपटक श्राद्ध गर्न आउनुभएका निमा र अविशेक तिम्सिनाले त्यो मन्दिर क्षेत्रमा श्राद्ध गरिँदा पितृले मोक्ष प्राप्त गर्ने धार्मिक विश्वासकाकारण आफूहरु यहाँ आएको प्रतिक्रिया दिनुभयो ।

उहाँका अनुसार, त्यस मन्दिरमा श्राद्ध गर्दा दिवङ्गत आत्माले मोक्ष प्राप्त गर्ने विश्वास छ। मोरङ रङ्गेलीबाट पिताको श्राद्ध गर्न आउनुभएका मनिष विष्टले पनि त्यस मन्दिरमा श्राद्ध गरिए दिवङ्गत आत्माले शान्ति पाउने जनविश्वास हुँदा त्यसका लागि आफू यहाँ आएको बताउनुभयो ।

त्यस मन्दिरमा सिदा र तर्पण गर्न नेपालका मात्र नभई छिमेकी भारतको सिक्किम, दार्जिलिङलगायतका ठाउँबाट समेत भक्तजन आउने गरेको मन्दिरका पुजारी इमानसिंह तामाङले जानकारी दिनुभयो ।

प्रत्येक वर्ष पौष शुक्ल औँशीका दिन आफ्ना पितृलाई पिण्ड तथा तर्पण दिन ठूलो सङ्ख्यामा भक्तजन यहाँ आउने गरेका छन् । अहिले पनि दैनिक रूपमा श्राद्ध गर्न भक्तजन विष्णुपादुका पुग्ने गरेको पुजारी तामाङले बताउनुभयो ।

धरानको मुख्य बजारबाट करिब १२ किलोमिटरको दुरीमा रहेको उक्त मन्दिर क्षेत्रमा दैनिक एक सय ५० बढी भक्तजन पुग्ने गरेको धरान उपमहानगरपालिका-२० का वडाध्यक्ष पदम लिम्बूले बताउनुहुन्छ। उहाँले भन्नुभयो, "यो पितृ कार्यसँग जोडिएको धार्मिक तथा पर्यटकीय मन्दिर भएकाले यसको संरक्षण र प्रचारप्रसार आवश्यक छ ।" पुजारी तामाङका अनुसार विगतमा यातायात सेवाको पहुँच नहुँदा भक्तजनलाई मन्दिरसम्म पुग्न कठिन थियो। हाल त्यहाँ पुग्न सहज सडक मार्ग र यातायातको सहज पहुँचपछि श्रद्धालु भक्तजनको सङ्ख्या बढिरहेको उहाँले बताउनुभयो ।

सडक तथा अन्य पूर्वाधार थप व्यवस्थित गर्न सके दैनिक रूपमा अझ ठूलो सङ्ख्यामा भक्तजन आउने उहाँको भनाइ छ ।

आगामी सोह्रश्रद्धालाई लक्षित गरी स्वदेश तथा विदेशबाट समेत त्यस मन्दिरमा बाक्लो रुपमा भक्तजनको उपस्थिति रहने विश्वास का साथ स्थानीय वडाले आवश्यक तयारी गरेको अध्यक्ष लिम्बूले जानकारी दिनुभयो। विसं १९७० मा स्थानीय लक्ष्मण घिसिङले मन्दिरस्थल उत्खनन पाउको छापसहितको ढुङ्गा फेला पारेपछि त्यसलाई भगवान् विष्णुको पाउका रुपमा पुजिने गरिएको छ। उक्त मन्दिरमा पुस्तौँदेखि तामाङ समुदायका व्यक्ति मुख्य पुजारीका रुपमा रहने भए तापनि पितृश्राद्धको विधि ब्राह्मण पुजारीबाट गराउने परम्परा छ ।

# भुक्तानी तथा फर्स्योट (पहिलो संशोधन) विधेयक स्वीकृत

काठमाडौं। प्रतिनिधिसभाको बुधबार को बैठकबाट 'भुक्तानी तथा फर्स्योट (पहिलो संशोधन) विधेयक, २०८३' माथि सैद्धान्तिक छलफलपछि सर्वसम्मतिले स्वीकृत भएको छ ।

बैठकमा प्रधानमन्त्रीको कार्यभार सम्हाल्नुभएका अर्थमन्त्री डा स्वर्णिम वाग्लेले विधेयकमाथि विचार गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री वाग्लेले प्राप्त सुझाव ग्रहण गर्दै दफाबार छलफलका क्रममा सम्बन्धित समितिमा थप छलफल गरिने बताउनुभयो । उहाँले प्रणालीगत तरलतालगायत विषयम विद्यमान संरचनाले सम्बोधन गर्न नसकेकाले अर्थतन्त्रको सुधारको प्रयासका रूपमा यो विधेयक ल्याएको बताउनुभयो ।

छलफलमा सांसदहरू सुशील खड्का, नितिमा भण्डारी कार्की, प्रेमलाल चौधरी, कृष्णहरि बुढाथोकी, गणेश पौडेल, निनुकुमारी कर्ण, प्रेमबहादुर बयक, मधुकुमार चौलागाईं, एशुदाकुमारी बराल र परशुराम तामाङले भाग लिनुभएको थियो । उहाँहरूले विदेशी डिजिटल भुक्तानी नेपालमा आउनु स्वागत भए पनि त्यसबाट नेपाललाई हुने लाभ र सुरक्षित कारोबारबारे स्पष्ट हुनुपर्नेमा जोड दिनुभयो । सो विधेयकमाथि नियमावलीबमोजिम संशोधनको सूचना दिन सभामुख डोलप्रसाद अर्यालले सदस्यहरूलाई जानकारी गराउनुभएको छ। सभाको बैठकमा राष्ट्रपतिको कार्यालयबाट प्राप्त प्रधानमन्त्री वालेन्द्र साह संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभाका भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै संयुक्त राज्य अमेरिका जानु भएकाले प्रधानमन्त्रीको दैनिक प्रशासनिक कार्य सञ्चालनका लागि अर्थमन्त्री डा वाग्लेलाई तोकिएको पत्रको व्यहोरा पढेर सुनाइएको थियो । बैठक जारी छ ।

# अन्तराष्ट्रिय आमन्त्रित रनिङ शिल्ड भलिबल यसै महिना

काठमाडौं । मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा दोस्रो संस्करणको मदन भण्डारी कप अन्तरराष्ट्रिय आमन्त्रित रनिङ शिल्ड पुरुष भलिबल प्रतियोगिता यही असोज १२ देखि १७ गतेसम्म बुटवलमा हुने भएको छ ।

प्रतियोगितामा स्वदेशी र विदेशी गरी आठ टोलीको सहभागिता रहने बुधबार आयोजित पत्रकार सम्मेलनमा आयोजक एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले जानकारी दिनुभयो । छ दिनसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा स्वदेशी टिममा नेपाल पुलिस क्लब, नेपाल एपिएफ क्लब, मणिमुकुन्द भलिबल क्लब, सभापोखरी भलिबल क्लब (सङ्खुवासभा) र गल्कोट भलिबल क्लबले प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगितामा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिनेछ। जसमा प्रत्येक समूहका शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन् र सेमिफाइनलमा पुग्ने दुई टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।

प्रतियोगिताको विजेता टोलीलाई रनिङ शिल्डसहित रु सात लाख तथा उपविजेतालाई रु तीन लाख ५० हजार प्रदान गर्ने आयोजकको भनाइ छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com